# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी कृष्ण बहादुर के.सी.समेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी कृष्ण बहादुर के.सी. समेत रहेको घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **कृष्ण बहादुर के.सी.** समेत २ जना (कृष्ण बहादुर के.सी. र राज बहादुर शाही प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७६-CR-०३२३), बिशेष अदालतबाट फैसला भएको मिति २०८०/०६/२२ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **निज प्रतिवादीहरु कृष्ण बहादुर के.सी. र राज बहादुर शाहीको हकमाः**<br>**कृष्ण बहादुर के.सी. र राज बहादुर शाही**ले एक आपसमा मिलेमतो गरी निवेदकहरुसँग सडक निर्माण कार्यमा कमिसन वापत रकमको लागि वार्गेनिङ गरी पटक पटक गरी नगदै लिई, बैंक खातामा जम्मा गर्न लगाई, विभिन्न होटलमा बिल तिर्न लगाई र गाडी रिजर्भको भाडा तिर्न लगाई विभिन्न वरबहानामा जम्मा रकम रु.२५,५०,०००/-(अक्षरेपी पच्चीस लाख पचास हजार मात्र) घुस/रिसवत लिएको कुरा सप्रमाण पुष्टि हुन आएकोले आरोपि **कृष्ण बहादुर के.सी. र राज बहादुर शाही**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भए गरेको पुष्टि हुन आएकोले निज आरोपि **कृष्ण बहादुर के.सी. र राज बहादुर शाही**लाई बिगो रु.२५,५०,०००/- (अक्षरेपी पच्चिस लाख पचास हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम सजाय हुन मागदावी लिइएको। | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई पाउने।<br>**प्रतिवादीहरु कृष्ण बहादुर के.सी. र राज बहादुर शाहीको हकमाः**<br>प्रस्तुत मुद्दामा विशेष अदालत,काठमाण्डौबाट मिति २०८०।०६।२२ मा फैसला हुँदा प्रस्तुत मुद्दाका सम्बन्धमा उजुरीकर्ताहरु कृष्ण बहादुर खड्का र प्रेम बहादुर बस्नेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रतिवादीले घुस रकम माग गरेको भनि मिति २०७६।१०।१७ मा उजुरी गरेकोमा मिति २०७६।१०।१० को उजुरीमा सो व्यहोरा परेको नदेखिएको, उजुरीकर्ताले अदालत समक्ष बकपत्र गरेको देखिएता पनि प्रतिवादी कृष्ण बहादुर के.सी.ले आफ्नो बैंकमा जम्मा गरिएको बिभिन्न मितिका बैंक दाखिला रकम सह-प्रतिवादी राज बहादुर शाही समेतले व्यक्तिगत सरसापटी लेनदेन व्यवहारको रकम भएको भनि बयान गरेका, गाँउपालिका र उपभोक्ताबीच सम्झौता भई निर्माणकार्य सम्पन्न भए बमोजिम उपभोक्ता समितिले मिति २०७६।०९।१३ मा नै सम्झौता बमोजिम उपभोक्ता समितिले भुक्तानी लिई सकेको अवस्था र प्रतिवादी कृष्ण बहादुर के.सी.को बैंक खातामा जम्मा भएको रकम सम्झौता मिति भन्दा अगाडी जम्मा भएको रकम रहेको, उक्त रकम कमिशन बापतको रकम हो भनि वादीले कुनैपनि विश्वसनिय प्रमाण पेश गर्न सकेको नदेखिंदा निज प्रतिवादीहरु **कृष्ण बहादुर के.सी. र राज बहादुर शाहीले** आरोपित कसूरबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>प्रतिवादीहरुमध्ये निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरुः<br>क) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादी कृष्ण बहादुर के.सी.को खातामा जम्मा भएको रकम एवं उजुरकर्ताले अदालत समक्ष गरेको बकपत्र समेत सो हदसम्म प्रमाणमा ग्रहणयोग्य नदेखिएको, उजुरकर्ताहरु कृष्ण बहादुर खड्का र प्रेम बहादुर | क) प्रस्तुत मुद्दाका सम्बन्धमा निज **प्रतिवादीहरु कृष्ण बहादुर के.सी. र राज बहादुर शाही**ले उजुरी निवेदकहरुले आफूले गरेको विगतदेखिको तथा उक्त सम्झौता बमोजिमको कामको भुक्तानी पाउनको लागि बिभिन्न मितिमा बिभिन्न रकमहरु जम्मा गरिदिएको र उक्त रकम कमिशन बापतको रकम हो भनी यकिन गरिदिएको, मिशिल संलग्न बैंक स्टेटमेन्टले समेत उक्त व्यहोरालाई स्पष्ट पारिरहेको अवस्थामा उक्त प्रमाणहरुलाई अनदेखा गरी तथा मिशिल संलग्न बैंक स्टेटमेन्ट समेतका आधारमा भएका कमिशन लेनदेन गरेको कारोवारहरु, विल बिजकहरुमा भएको व्यहोरा तथा उक्त व्यहोरालाई सम्बन्धित साक्षीले अदालत समक्ष गरेको बकपत्र, उजुरकर्ताहरु कृष्ण बहादुर खड्का र प्रेम बहादुर बस्नेतले गरेको मौकाको बयान र उजुरी व्यहोरालाई समर्थित हुने गरी गरेको अदालत समक्षको बकपत्र समेतलाई अनदेखागरी अदालत समक्षको बकपत्र समेतलाई बिश्वसनीय रहेको नदेखिएको मानी निज प्रतिवादीहरु कृष्ण बहादुर के.सी. र राज बहादुर शाहीको ईन्कारी बयानलाई प्रमुख आधार मानी निज प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हद सम्म बदरभागी रहेको।<br><br>ख) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरु मध्ये कृष्ण बहादुर के.सी.ले उक्त रकम आफूले विभिन्न मितिका सापटी रकम रहेको, लेनदेन व्यबहार मिलाउन गरिएको कारोवारको रकम रहेको भनी इन्कारी रहेको र सो कुरा प्रतिवादीका साक्षीहरुले गरेको अदालत समक्षको बकपत्र समेतबाट पुष्टि भइसकेको अवस्थामा मिति २०७६।१०।१० को पहिलो उजुरी व्यहोरामा सो कुरा नपरेको र नपर्नुपर्ने कुनै युक्तियुक्त कारण समेत नखुलेको अवस्थामा दोस्रो उजुरी व्यहोरा सत्य साँचो र विश्वसनीय नदेखिएको, दोस्रो उजुरी व्यहोरा र सो व्यहोरालाई समर्थन गरी उजुरकर्ताले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बस्नेतले कृष्ण बहादुर के.सी.का लागि कमिशन वापत भाडा तिरिदिएको, होटेलमा बासगासको खर्च तिरिदिएको भन्ने दावी र सो दावीको साइनो सम्झौताको रकमको भुक्तानीसँग रहेको कुरा वादीले बस्तुनिष्ठ प्रमाणले पुष्टि गर्न सकेको नदेखिंदा उजुरकर्ताले अदालत समक्ष गरेको मौखिक बकपत्रको आधारमा मात्र शंका रहित तवरले वादी दावी स्थापित हुन सक्ने नदेखिएको, उजुरकर्ताहरु कृष्ण बहादुर खड्का र प्रेम बहादुर बस्नेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष मिति २०७६/१०/१० मा दिएको उजुरीमा गाउँपालिकाका अध्यक्ष कृष्ण बहादुर के.सी. ले आफूले गरेको निर्माण कार्यको पाउने रु.३९,००,०००/- को भुक्तानी सहजीकरण गरिदिने भनी रु.८,००,०००/- रिसवत माग गरेको भन्ने मात्र व्यहोरा परेकोमा सोही उजुरीको सिलसिलामा प्रतिवादी कृष्ण बहादुर के.सी.को साथबाट मिति २०७६/१०/१० मा आयोगको टोलिले रु.८,००,०००/- बरामद गरी नियन्त्रणमा लिई अनुसन्धान शुरु गरेपछि मात्र मिति २०७६/१०/१७ मा दोस्रो उजुरी दिएको देखिएको, दोस्रो उजुरी व्यहोरामा मात्र उजुरकर्ताले ठेक्का बमोजिम काम गर्न भनि प्रतिवादीले विभिन्न मितिमा कमिशन माग गरेको र आफूले कमिशन वापत प्रतिवादीको खातामा रकम जम्मा गरिदिएको समेतका व्यहोरा समेत परेको देखिएको, प्रतिवादीले दावीको रकम आफूले विभिन्न मितिका सापटी रकम रहेको, लेनदेन व्यहोरा मिलाउन गरिएको कारोवारको रकम रहेको भनी इन्कारी रहेको र सो कुरा प्रतिवादीका साक्षीहरुले गरेको अदालत समक्षको बकपत्र समेतबाट पुष्टि भइसकेको अवस्थामा पहिलो उजुरी व्यहोरामा सो कुरा नपरेको र नपर्नुपर्ने कुनै युक्तियुक्त कारण समेत नखुलेको अवस्थामा दोस्रो उजुरी व्यहोरा सत्य साँचो र विश्वसनीय नदेखिएको, दोस्रो उजुरी व्यहोरा र सो व्यहोरालाई समर्थन गरी उजुरकर्ताले अदालत समक्ष गरेको बकपत्र समेत विश्वसनीय रहेको नदेखिएको।<br>ख) प्रस्तुत मुद्दाका सम्बन्धमा उपभोक्ता समितिको खातामा सम्झौता वमोजिमको रकम जम्मा भइसकेको अवस्था देखिंदा सम्झौता बमोजिम ठेकेदार कम्पनीलाई रकम भुक्तानी गर्ने दायित्व उपभोक्ता समितिको नै रहेको भन्ने देखिएको, उजुरकर्ताले उपभोक्ता समितिबाट नै भुक्तानी पाउने देखिएको, गाउँपालिकाको | अदालत समक्ष गरेको बकपत्र समेत विश्वसनीय रहेको नदेखिएको भन्ने आधारमा प्रतिवादीहरुले बदनियतपूर्वक कमिशन बापत रकम माग गरेको व्यहोरा रेकर्ड भएको अडियो भिडियो रेकर्डमा रहेको तथा भएको कुराकानीहरु र कमिशन लेनदेनको बारेमा भएको वार्तालाप निज प्रतिवादीहरु र निज निवेदकहरु बीचमा भएको व्यहोरा निज प्रतिवादीहरुले मौकामा सनाखत गरिदिएको मिशिल संलग्न महत्वपूर्ण प्रमाणहरु समेतलाई अनदेखा गरी निज प्रतिवादीहरुले आरोपित कसूरबाट उन्मुक्ति लिनको लागि गरेको ईन्कारी बयानलाई आधारमानी निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br>ग) प्रस्तुत मुद्दाका सम्बन्धमा उजुरी निवेदकहरु र प्रतिवादीहरुबीचको विगत देखिको काम ब्यवहारको आधारमा सिर्जित अप्रत्यक्ष रुपमा रहेको कार्य कारणको सम्बन्धलाई स्वीकार गरी फैसला भएको अवस्थामा निज उजुरी निवेदकहरुले विगतको आ.व.हरुमा समेत निर्माण कार्य गर्ने गरेको र सो बापतको रकम भुक्तानी पाउन समेत निज प्रतिवादीहरुले दु:ख हैरानी दिने गरेको व्यहोरा उजुरी निवेदन, उजुरकर्ताहरुले सम्मानित अदालत समक्ष गरेको बकपत्र समेतबाट स्पष्ट रहेको, निज प्रतिवादीहरुले सापटी बापतको रकम लेनदेनको दावी जिकिर लिएतापनि सोको वस्तुनिष्ट प्रमाण पेश नगरेका र उजुरी निवेदकहरुले विभिन्न शीर्षकमा दिएको कमिशन बापत रकम लेनदेन भएको व्यहोरा देखिने मिशिल संलग्न बैंक स्टेटमेन्ट तथा बिल भौचर समेतको व्यहोरालाई समेत अनदेखागरी निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपूर्ण भएकोले बदरभागी रहेको।<br>घ) प्रस्तुत मुद्दाका प्रतिवादीहरुमध्ये निज कृष्ण बहादुर के.सी.लाई यसै मुद्दाको लगाउको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत नवराज आचार्यको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी कृष्ण बहादुर के.सी. र चन्द्र बहादुर बस्नेत समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अध्यक्षले आफ्नै मातहतका उपभोक्ता समितिलाई अनुचित दवाव प्रभावमा लिन सक्ने देखिएको, उपभोक्ता समितिका अध्यक्ष कर्ण बहादुर शाही समेतले प्रतिवादीले आफूलाई कुनै पनि दवाव प्रभावमा नलिएको भनि अदालत समक्ष बकपत्र गरेको देखिएता पनि उपभोक्ता समितिको खातामा मिति २०७६/०९/१३ मा नै रकम जम्मा भएको देखिएता पनि उजुरकर्ता कृष्ण बहादुर खड्काले मिति २०७६/१०/१० सम्म पनि रकम भुक्तानी नपाएको देखिएको, सोही भुक्तानी सहजीकरण गरिदिने भनी प्रतिवादीले रकम मागदावी गरेको, यसरी प्रतिवादी कृष्ण बहादुर के.सी. र उजुरकर्ताबीच अप्रत्यक्ष रुपमा कार्य कारणको सम्बन्ध रहेको देखिएको।<br>ग) प्रतिवादीको ओहोदाको कर्तव्य र उजुरकर्ताले पाउने भुक्तानीवीच सम्झौताको आधारमा तारतम्यता देखिएको भन्ने आधारमा मात्र उपभोक्ता समिति र उजुरकर्तावीच सम्झौता हुनु अघि नै भएको कारोवारको भुक्तानी सहजीकरण सँगको तारतम्यता हुन सक्ने नदेखिएको, गाउँपालिकाका अध्यक्ष निर्वाचित जन प्रतिनिधी रहेकोले समाजमा लेनदेन कारोवार रहनसक्ने वास्तविकतालाई इन्कार गर्न नमिल्ने, प्रतिवादीको खातामा जम्मा भएको रकम कमिशन वापतको रकम हो भनी पुष्टि हुने प्रमाणको अभावमा वादी दावी पुग्न सक्ने नदेखिएको।<br>घ) प्रतिवादीको ओहोदाको कर्तव्य र उजुरकर्ताले पाउने भुक्तानीवीच सम्झौताको आधारमा तारतम्यता देखिएको भन्ने आधारमा मात्र उपभोक्ता समिति र उजुरकर्तावीच सम्झौता हुनु अघि नै भएको कारोवारको भुक्तानी सहजीकरण सँगको तारतम्यता हुन सक्ने नदेखिएको, गाउँपालिकाका अध्यक्ष निर्वाचित जन प्रतिनिधी रहेकोले समाजमा लेनदेन कारोवार रहनसक्ने वास्तविकतालाई इन्कार गर्न नमिल्ने, प्रतिवादीको खातामा जम्मा भएको रकम कमिशन वापतको रकम हो भनी पुष्टि हुने प्रमाणको अभावमा वादी दावी पुग्न सक्ने नदेखिएको। | भएको विशेष अदालतको घुस/रिसवत लिई भ्रष्टाचार गरेको भ्रष्टाचार सम्बन्धी मुद्दामा (मुद्दा नं.०७६-CR-०३२४) मा निज बिरुद्धको आरोप मागदावीको हकमा आंशिक दावी पुग्ने ठहर गरी फैसला भएको अवस्था समेत रहेको छ। निज प्रतिवादीहरुले उजुरी निवेदकहरुले आफूले गरेको सम्झौता बमोजिमको कामको भुक्तानी पाउनको लागि बिभिन्न मितिमा बिभिन्न रकमहरु जम्मा गर्न लगाएको व्यहोरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट स्पष्ट देखिंदा देखिंदै निजहरुको उक्त कारोबारहरु कमिशन तथा घुस बापतको कारोवार हो भन्ने स्पष्ट रहेको अवस्था समेतलाई मध्यनजर गरी आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सो नगरी प्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको उक्त फैसला प्रमाण विवेचनाको रोहमा त्रुटिपुर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |